स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्र्दशन २०७४ को

अनुसूची ५

(दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)

# आर्थिक बर्ष २०७९/०८० को

# निति, कार्यक्रम तथा बजेट

आदर्श गाउँपालिका

डोटी जिल्ला

शूदुर पश्चिम प्रदेश

२०७९



CamScanner

यस आदर्श गाउँपालिकाको आ.व.२०७९/०८० को एघारौं गाउँ सभा उदघाटन समारोहका सभाध्यक्ष एवं आदर्शगाउँपालिकाका अध्यक्षज्यु, प्रमुख अतिथिज्यु,विशिष्ठ अतिथिज्यूहरु,सम्पूर्ण वडाका वडाअध्यक्षहरुज्यूहरु,गाउँकार्यपालिकाका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरु, पुर्व गाउँपालिकाका पदाधिकारीहरु,विभिन्न राजनैतिक दलका प्रमुखहरु,प्रमुख प्रशासकीय अधिकृतज्यू,विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु,सञ्चारकर्मी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, इलाका प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यू,समाजसेवी,लगायत उपस्थित सम्पूर्ण कर्मचारीज्यूहरु एवं महानुभावज्युहरु ।

सार्वभौमसत्ता सम्पन्न जनता नै भएको संविधानमा व्यवस्था रहेको र जनताका प्रतिनिधिहरुले २०७२ मा नयां संबिधान निर्माण गरि संविधानमा संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको मुल संरचना संघ,प्रदेश र स्थानीय तह गरी तीन तहको हुने ब्यबस्था गरिएको छ र सोही अनुरुप २०७९ बैशाख ३० गते स्थानिय तहको निर्वाचन सम्पन्न भई निर्वाचत भए पश्चात गाउँपालिकाको उपाध्यक्षको हैसियतले तपाईहरु समक्ष एघारौं गाउँ सभालाई सम्वोधन गर्न पाउदा अति खुसी लागेको छ र उपस्थित सम्पूर्ण महानुभावलाई आफ्नो अमूल्य समय प्रदान गरी गाउँ सभाको गरीमा बढाई दिनु भएकोमा हार्दिक धन्यबाद व्यक्त गर्न चाहान्छु ।

सर्वप्रथम देशको निम्ती आफ्नो ज्यानको बलिदान दिने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै यस आदर्श गाउँपालिकाको संक्षिप्त चिनारी प्रस्तुत गर्न चाहान्छु ।

संघीय संरचना अनुसार शुदूर पश्चिम प्रदेश अन्तर्गत रहेको डोटी जिल्लाको सदरमुकाम सिलगढी बाट ३३ कि.मी. टाढा रहेको आदर्श गाउँपालिकाको पूर्वमा दि.सि.न.पा.,पश्चिममा शिखर न.पा. र डडेल्धुरा,उत्तरमा सायल गाउँपालिका र दक्षिणमा शिखर न.पा.रहेको छ । २०७८ को राष्ट्रिय जनगणना आधारमा यस आदर्श गाउँपालिकाको कुल क्षेत्रफल १२२ वर्ग कि.मी. ४२०४ घरधुरी,जनसंख्या २४९११, ( जसमा पुरुष ११,१४१ र महिला १३७७०) परिवार संख्या ५४४९ रहेको छ । विशेष गरि क्षेत्री,बाहुन,दलितहरुको बाहुल्यता रहेको यस गाउँपालिकामा हाल ७ वटा वडाहरु कायम रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

हामीले सहभागीतात्मक गाउँ विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती तथा टोल र वडास्तर हुदै आएका योजना हरुलाई संघिय सरकारको तथा प्रदेश सरकारको मार्ग दर्शन तथा गाउँपालिकाको आन्तरिक श्रोतलाई समेतलाई मध्यनजर गरि गाउँपालिकाका पदाधिकारीहरु,विशेषज्ञ,बौद्धिक व्यक्तित्व, विदेशमा रहेका भुगर्वविद, डाक्टर,दलित,महिला,अगुवा कृषक जनसमुदायसंग प्रत्यक्ष भेला, भेटघाट,तथा फोन मार्फत लिईएको राय सुझाव एवं परामर्शको आधारमा आ.व.२०७९/०८० को एघारौं गाउँसभाको यो निति तथा कार्यक्रमले यस गाउँपालिकाको विकास ,उन्नति र प्रगतिका लागी आधार तयार गर्ने छ भन्ने कुरामा हामी विश्वस्त रहेका छौ ।

**आदरणिय सभाध्यक्षज्यू,**

## यस आदर्श गाउपालिकाको पाच वर्षको समय सम्म भएको उपलब्धिहरुको वारेमा छोटकरीमा प्रस्तूत गर्न चाहान्छू ।

यस गाउँपालिकामा रहेका सात ओटा वडाका करिब २५ हजार नागरिकहरुलाई आसातित बिकास र सुशासन दिनु र बिकासमा नागरिकहरुको अधिकतम सहभागिता बृद्धि गर्नु हामि सबैको जिम्मेवारी हो । विगत वर्षहरुमा यस आदर्श गाउँपालिकामा भौतिक तथा मानबीय बिकासमा कस्तो प्रभाव पारेको छ सो बिषयमा संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।

**(क) आर्थिक बिकास:** गाउँका बासिन्दाको गरिबी न्यूनिकरण गर्नु ठूलो चुनौति रहेको र जनताको जीवनस्तर उठाउनका लागि प्रधानमंत्री कृषि आधुनिकीकरण परियोजनाको निरन्तरता दिई यस क्षेत्रका युवाहरुलाई आत्मनिर्भर

CamScanner

बनाउन प्रयास गरिएको देखिएको छ। बजारीकरण तथा व्यापार व्यवसायलाई प्रवर्द्धन गर्न व्यापार व्यवसायलाई दर्ता प्रक्रिया सञ्चालन गरिएको छ भने वडा नं.३ मा आलु धान,वडा नं.५ र १ मा तरकारीको पकेट एरिया निर्धारण गरि कृषि व्यवसायको माध्यमबाट गाउँका बासिन्दालाई रोजगार प्रदान गर्न गाउँका धेरै स्थानमा कृषि व्यवसाय र पशुपालन गर्ने कार्यलाई पाथमिकता दिई आवश्यक कार्यक्रम कार्यान्वियन गरिएको छ भने स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगार योजना संचालन गरिएको देखिएको छ।

**(ख) सामाजिक क्षेत्र:** वडा नं.२ मा रहेको वडा कार्यालयमा गाउकार्यपालिकाको कार्यालयको कामकाज हुने गरेको अवस्थालाई मध्यनजर गरि गाउँपालिका भवनको लागि जमिन र इलामा प्रहरी कार्यालयको व्यवस्थापन सहित जमिन खरिद गरि भवन निर्माणमा सहयोग पुगेको तथा मौवानगरदहमा सिभिल बैंकको स्थापना भएको। राष्ट्रिय विद्युत लाइन विस्तारलाई अधि बढाईनुका साथै गाउँपालिका अन्तर्गत रहेका शाखाहरु र सम्पूर्ण वडाहरुमा इन्टरनेट तथा इन्भटर जडान गरि आधुनिक प्रविधिको विकासमा टेवा दिईएको पाईयो भने विद्यालयहरुमा कक्षा ८,१० र १२ मा अध्यनरत रहेका उत्कृष्ट रहेका छात्र छात्रालाई पुरस्कृत गरिनुका साथै लेखापालहरुलाई क्षमता विकास तालिम सञ्चालन,आइसिटी पुस्तकालय,विज्ञान प्रयोगशाला एवं विद्यालयहरुमा शिक्षण सामाग्री खरिद गरि गुणस्तरिय शिक्षामा जोड दिईएको देखिएको छ भने युवाहरुलाई खेलकुद तर्फ आकर्षित गर्न खेलकुद प्रतियोगिता राख्ने अभ्यास भएको देखिएको छ। आदर्श गाउँपालिकाको प्रमुख समस्या रहदै आएंको स्वच्छ खानेपानी कार्यक्रमलाई डिप बोरिङ्ग प्रविधिको माध्यमबाट गाउँपालिकाको वडा नं.२ र ४ मा खानेपानी उत्खनन गरि वडा नं.२ उपयोगमा ल्याईएको र वडा नं.४ मा उत्खनन कार्य भैरहेको साथै अन्य पायक पर्ने बस्तीमा पनि विस्तार गर्ने लक्ष्य लिईएको छ। वडा नं.३ र ४ मा ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना र गाउँपालिकाको साझेदारीमा खानेपानी तथा पूर्ण सरसफाई कार्यक्रम लागु गरी सामाजिक बिकासको क्षेत्रलाई माथि उठाउने प्रयास गरीएको छ भने वडा नं.६ को बबिना ,वडा नं ७ को रेजुला वडा नं ३ को झुणा र वडा नं १ को बेलमा सामुदायिक स्वास्थ्य एकाइ केन्द्र स्थापना गरिएको छ। साथै वडा नं.६ को गिरिचौकामा रुं ५ करोडको सौर्य उर्जा कार्यक्रम कार्यान्वियनको लागि टेण्डर समेत गरिएको छ। कोभिड नियन्त्रणमा सफलता प्राप्त गरिनुका साथै आदर्श गा.पा.को मौवानगरदहमा कोभिड अस्पताल तथा आरोग्य सेवा केन्द्र स्थापना भएको छ। आत्मनिर्भर एवं स्वावलम्बन बनाउनको लागि विभिन्न आयमूलक तथा सिपमूलक तालिम सञ्चालन र गाउँपालिकामा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत होजियारी,सिलाइ कटाइ तथा चप्पल उद्योग जस्ता सिपमुलक कार्यक्रम सञ्चालन गरिएको पाइएको छ। साथै गाउँपालिकाम स्वास्थ्य सेवा सर्वसुलभ उपलब्ध गराउनको लागि एम.वि.वि.एस डाक्टरको नियुक्तिलाई निरन्तरता दिईएको व्यहोरा समेत जानकारी गराउन चाहान्छु।

**(ग) पूर्वाधार बिकास क्षेत्र:** आदर्श गाउँपालिकाको बिकासमा पुर्वाधार बिकासका लागि सबै वडामा बिनियोजन गरिएको वजेटको ठूलो हिस्सा यसै क्षेत्रमा बिनियोजन गरिएको देखिएको पाइयो। गाउँपालिका क्षेत्रका पुर्वाधार अर्न्तगत गाउँपालिकाको प्रशासककीय भवन निर्माण सम्पन्न भएको छ भने स्वास्थ्य केन्द्र टाढा रहेका बस्तीहरुमा सामुदायिक स्वास्थ्य केन्द्रको स्थापना गरिएको र सबै वडाहरुमा सडक निर्माण गरि यातायात सर्वसुलभ भएको, धार्मिक विकास एवं पर्यटकिय प्रवर्द्धनको लागि मठ मन्दिर निर्माण,मर्मत कार्य गरिनुका साथै गिठेगुणा गुफा व्यवस्थापन गरिएको र प्रेमस्मुति पार्कमा भ्यू टावर देखि पिकनिक स्पोर्टस निर्माणका लागि डिपिआर तयार गरि निर्माण कार्य शुरु गरिएको पाइयो भने खानेपानीका मुहान संरक्षणका लागि आकासे पोखरीहरु निर्माण भएको र विद्यालयहरुमा भवन निर्माण,मर्मत एवं भौतिक पूर्वाधार निर्माण भएको जानकारी पाइएको छ ।

**(घ) वातावरण तथा बिपद् ब्यबस्थापन:** गाउँपालिका तथा वडा स्तरमा बिपत ब्यबस्थापन समिति र कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समिति गठन भई स्वास्थ्य संस्था,गैर सरकारी संस्था, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटी संग समन्वय गरि महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस रोगको रोकथाम र बाढि पहिरो नियन्त्रण गर्नमा पूर्व तयारी गर्नमा सवै पक्ष एक्येबद्धताका साथ लागेको पनि जानकारी गराउन चाहान्छौं।

**(ङ) संस्थागत बिकास, सेवा प्रवाह र सुशासन:** गाउँपालिकाको संस्थागत बिकासको लागि सबै शाखा, एकाई, सहित सवै संग समन्वय वढाइएको छ। अनलाईन प्रणालीबाट व्यक्तिगत घटना दर्ता कार्यक्रम,सामाजिक सुरक्षा कार्यक्रमलाई



CamScanner

अघि बढाईएको छ भने सुत्र प्रणालीबाट आर्थिक कारोबार तथा जिन्सी व्यवस्थापन गरिएको छ भने स्वास्थ्य सेवालाई सुदृढ गर्न स्वास्थ्य संस्थाहरुमा कर्मचारी पूर्ती गरिएको देखिएको छ ।

**च) न्यायिक समिति:** यस गाउँपालिकामा तीन सदस्यीय न्यायिक समिति गठन र वडामा वडास्तरी मेलमिलाप समिति गठन भई उक्त समितिलाई मेलमिलाप सम्बन्धि तालिम सञ्चालन भएको देखियो भने न्यायिक समितिमा साँध सिमाना, लेनदेन, घरेलु हिंसा, कुटपिट, जस्ता कुराहरुमा मेलमिलापको माध्यमबाट निरुपण गरिएको देखिएको छ ।

**आदरणीय सभाध्यक्षज्यु**

हाम्रो आदर्श गाउँपालिकाको विकास सरकारी प्रयासले मात्र सम्भव नहुने कुरा हाम्रा सामु छर्लङ रहेको छ। बजेट खर्च तथा बजेट उपलब्ध गराउने कुरालाई हेर्दा करौडौं रुपैया सरकारी गैर सरकारी क्षेत्रबाट बिनियोजित एवं खर्च भै नै रहेको छ तथापि यहाको भौतिक आर्थिक तथा मानबीय बिकासको स्थिति अन्यत्रका गाउँपालिकाको तुलनामा कमजोर रहेको देखिन्छ । उपभोक्ता समिति गाउँपालिका क्षेत्रका आयोजनाहरुको निर्माणमा आ-आफ्नो भुमिका निर्वाह गर्दै आएकोमा आयोजनाको गुणस्तरमा समेत ध्यान दिईरहेका छन । आयोजना निमार्ण कार्य पश्चात त्यसको दिगोपनको लागि उपभोक्ता समितिको भुमिका प्रभावकारी हुन नसकेको यर्थाथ हाम्रा सामु बिद्यमान रहेको छ भने गाउँका ठुला आयोजनाहरुको छनौट एवं कार्यान्वयन पनि प्रभावकारी नभएको कारण कमजोर गुणस्तरको काम एवं बजेट तथा कार्यक्रम अनुरुप कार्य हुन नसक्दा बिकासले समाजमा सकारात्मक परिवर्तन गरी सर्वसाधारणको जनजीवनमा उल्लेख्य प्रभाव पार्न सकेको छैन ।

गाउँपालिकालाई सभ्य,आर्कषण ,भ्रष्टाचारलाई शुन्यतामा ल्याई अनियमिता र ढीलासुस्ती रहित सुबिधा सम्पन्न बनाउन यस सभामा उपस्थित प्रतीनिधी राजनैतीक दल,उपभोक्ता समिति, नागरीक समाज,पत्रकार,महिला,दलित,अपाङ्ग, जनजाती बुद्धीजीबी,शिक्षक,समाजसेवी,कर्मचारी एंव गाउँबासी सबैको कर्तव्य हो। बिगतका राम्रा नराम्रा कुराको समीक्षा गदै आगामी दिनमा कसरी राम्रो गर्न सकिन्छ भनि केही लक्षित कार्यकम ,नीती तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नु पर्ने आबश्यकताका कारण आ.व.२०७९/०८० मा गाउँसभाले केही लक्षित कार्यकम तथा नितीहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

**क) आर्थिक बिकास** : आदर्श गाउँपालिकामा रहेका कृषकहरुलाई आयआर्जनका कृयाकलापहरुमा आत्म निर्भर बनाई रोजगार सृजना गर्ने कार्यलाई प्राथमिकता दिन आबश्यक भएको देखिएकोले बजार ब्यबसाय, कृषि, पशुपालन, फलफुल, कुखुरापालन एबं पकेट क्षेत्र, सिप बिकास तालिम, उन्नत सहकारी, सिंचाई र **एक गाउं एक उत्पादनको कार्यक्रम** आबश्यक रहेको छ त्यसैले आर्थिक बिकासको लागि आबश्यक पर्ने रकम बिनियोजन गर्ने गरी निम्न बमोजिमका नीति अख्तियार गरिएको छ ।

- बाखपालनको पकेट क्षेत्रको अबधारण लाई अगाडी बढाई नागरिकहरुलाई आत्मनिभरता तर्फ उन्मुख गराइने निति लिइएको छ ।
- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलता प्रवर्द्वन गर्न मल,बिउ,किटनासक औषधीको उपलब्धता,उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिंचाई सुविधा प्रवर्द्वन गरिने छ ।
- किसानको लागत मूल्य प्राप्तिको सुनिश्चताको लागि कृषि तथा पशु बिमा कार्यकमलाई प्रोत्साहित गर्न कार्यकमगत व्यवस्था गरिने छ ।
- स्थानीय तहमा उत्पादन हुने नगदे तथा खाद्ये बालीको पकेट क्षेत्र बनाएर आत्मनिर्भर बनाउन प्राथमिकता दिईनेछ ।

CamScanner

- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरि उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चता प्रदान गर्न सहयोग पुग्ने गरि कार्यकमहरु ल्याइने छ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अधावधिक गरि त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण,सेवा,व्यवसाय,उद्योग,कृषि लगायतका क्षेत्रका रोजगारदातासंग समन्वय गरि रोजगारी प्रदान गर्न सहजकिरणको व्यवस्था गरिने छ ।
- कृषि क्षेत्रमा विशेष आलु कार्यर्कम,मौरी कार्यक्रम,प्लास्टिक घर निर्माण कार्यलाई प्राथमिकता दिईएको छ ।
- कृषक पाठशाला,प्राङ्गारिक मल व्यवस्थापन,घरबारी व्यवस्थापन,कृषि मेला पर्दशनी,रैथाने बाली व्यवस्थापन,मौरी पर्वद्धन,च्याउ खेती तथा साना सिंचाइ कार्यक्रमको माध्यमबाट आधुनिक कृषि प्रणालीको विकास गराईनेछ ।
- फलफुल खेती,तरकारी खेती र पशुपालन कार्यकमलाई लागत साझेदारीमा सञ्चालन गरिने छ ।
- स्थानीस्तरमा रोजगारी अभिबृद्धि गर्न अन्य सरकारी तथा गैरसरकारी निकायहरु संगको साझेदारीमा बिभिन्न किसिमका सीपमुलक तालीम कार्यक्रम सञ्चालन गरिने भएको छ ।
- पर्यटन बिकासलाई अघि बढाउन आबश्यक पुर्बाधार बिकास बढाइने कार्यक्रम रहेको छ ।
- गाउँपालिकाको आन्तरीक स्रोत अभिबृद्धिका लागी करका नयां स्रोतहरुको पहिचान गरी राजस्व अभिबृद्धि गर्नका लागी थप अध्ययन गर्नुका साथै कर संकलनका लागी यस गाउँपालिकासंग सम्बन्धित संघ संस्थाहरु संग सहकार्य तथा राजस्व साझादारीको निती अबलम्बन गरिने भएको छ ।

- सम्वन्धित निकाएको सहयोग तथा सहकार्य सहित बजार अनुगमन गर्ने व्यवस्था मिलाइने भएको छ ।
- बजारमा अनियन्त्रीत रुपमा पसल अगाडी राखेका होडिङ्ग बोर्ड तथा फुटपाथ पसलहरुलाई हटाइ बजारलाई व्यबस्थित तथा सफा बनाइने कार्यकम रहेको छ ।
- यूवा बेरोजगारलाई काम गर्न गाउँपालिकाका सम्भाबित क्षेत्रमा पशुपालन, बाखा पालन,बंगुरपालन तथा फलफुल कार्यकम सञ्चालन गर्न किसानलाई प्रोत्साहित गरिने भएको छ ।
- पशु स्वास्थ्य शिविर,कृतिम गर्भाधान,घास विकास कार्यक्रम तथा अगुवा कृषक तालिम एवं अध्यन अवलोकन भ्रमणको आयोजना गरि जनताको जिवनस्तरमा सुधार ल्याईने छ ।
- जनताको जिवनस्तर उकास्नको लागि विभिन्न आयमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सामुदायिक वनका सदस्यहरुमा उद्यमशिलता बिकास गर्नका लागि इलाका वन कार्यालय संग समन्वय गरि एक वन एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि पूर्वाधार विकास कार्यकमहरु लागत साझेदारीमा सञ्चालन गरिने छ ।
- व्यवसायमूलक उत्पादनका कार्यक्रमहरुलाई प्राथमिकता दिई दलित,पिछडिएको वर्ग महिलालाई सशक्तिकरण गराई आय आर्जनका कियाकलापहरु अघि बढाईने छ ।
- उन्नत जातको पशु व्यवसाय सञ्चालन गरि कृतिम गर्भाधान प्रकिया लागु गरिने छ ।



CamScanner

- कृषि तथ्याङक व्यवस्थापन र कृषकहरु सूचिकरण तथा दर्ता कार्यकमलाई व्यवस्थित गरिने छ ।
- भिरालो जमिनको संरक्षण गर्न गरा सुधार कार्यक्रम तथा खेतीयोग्य जमिनलाई उर्वरायुक्त बनाउनको लागि माटो परीक्षण कार्यकम अवलम्बन गरि एकिकृत बाली विकासको योजना अघि बढाईने छ ।
- नदि तथा खोलाबाट निकास हुने ढंगा,गिट्टी र बालुवाको श्रोत पहिचान गरि राजस्वको दायरा भित्र ल्याईने छ ।
- कृषि उत्पादनद्धारा आर्थिक विकास गर्न एक वडा एक उत्पादन कार्यक्रम गरिने छ ।

**(ख) सामाजिक बिकास :** सामाजिक बिकास चेतना, शिक्षा, समाबेशी बिकास जस्ता कुराहरुलाई पनि प्राथमिकता दिन आबश्यक कुरा भएको महसुस गरी उक्त क्षेत्रको बिकासका लागि एथोचित बजेट बिनियोजन गरी निम्नासारका नीतिहरुलाई प्राथमिकता दिइने भएको छ ।

- गाउँपालिकामा बालमैत्री स्थानीय शासनलाई प्रभावकारी किसिमले लागु गर्न बालमैत्री सम्बन्धी कार्यकम संचालन गरिनेछ ।
- योजनाको तर्जुमा गर्दा सहभागितामूलक प्रक्रियाबाट योजना तर्जुमा अवलम्बन गरिने छ ।
- आदर्श गाउँपालिकामा रहेको खानेपानीको समस्यालाई समाधान गर्न लिप्टङ्ग प्रणालीलाई निरन्तरता दिदै साइलीगाढबाट खानेपानी ल्याउनको लागि सम्बन्धित सरोकारवालावर्ग तथा कार्यालयहरुसंग आवश्यक समन्वय गरि पहल गरिने छ ।
- वृद्ध वृद्धा तथा अशक्तहरुलाई होम स्वास्थ्यको माध्यमबाट चेकजाँच गरिने कार्यको शुरुवात गरिनेछ ।
- विद्यालयहरुमा अध्यनरत विद्यार्थीहरुको अनुपातमा शिक्षक दरवन्दीको सृजना गरिने छ ।
- स्वास्थ्य नै धन हो भन्ने कुरालाई आत्मसात गरि विशेषज्ञ सेवा,ईसिजि सेवा तथा आँखा शिविर सेवा सञ्चालन गरिने छ ।
- कृषि क्षेत्रमा आमूल सुधार गर्नको लागि कृषि विशेषज्ञहरुको राय परामर्शमा खाद्यान्न तथा नगदे बाली उत्पादनमा विशेष प्राथमिकता दिईने छ ।
- गाउँपालिका अन्तरगत रहेका बाझो जग्गाहरुमा कपास खेती सहित परिवेश सुहाउदो नगदे वाली तथा फलफुल उत्पादन कार्यको विकास गरि बाझो जमिन राख्ने प्रवृतीको अन्त्य गरिने छ ।
- गाउँपालिका भित्र एक घर एक करेसाबारीको अवधारणालाई अवलम्बन गरिने छ ।
- स्थानीय कच्चा पदार्थ,सिप र प्रविधिको प्रयोगद्धारा रोजगारी सृजना कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ ।
- गाउँपालीकाबाट निर्माण गरिने विकासका हरेक क्षेत्रमा बालमैत्री,अपाङ्गमैत्री संरचना निमार्ण गरिने छ ।
- अस्पताल,स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट प्रदान गरिने खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी,उपकरण तथा स्वास्थ्य सामाग्रीहरुको उचित व्यवस्थापन गरिने छ ।
- खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोषण जस्ता जनस्वास्थ्यसंग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरिने छ ।
- गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्भसुलभ गराउन मापदण्ड बमोजिम बर्थिङ्ग सेन्टरको स्थापना तथा सामुदायिक स्वास्थ्य इकाई केन्द्रको स्थापनामा जोड दिई सुरक्षित गर्भपतन सेवा उपलब्ध गराईनेछ ।



CamScanner

- सार्वजनिक तथा सामुदायिक बिद्यालयको मर्मत सुधार ,फर्निचर तथा भौतीक विकास सम्बन्धी कार्यकममा सहयोग पुऱ्याउदै यस्ता कार्यकम संचालन गर्दा नेपाल सरकारले तोकेको मांपदण्डलाई पुर्णरुपमा पालना गर्न उत्प्रेरित गरिने छ ।
- गाउँपालिका अन्तर्गत रहेका ७ वटै स्वास्थ्य संस्थाहरुलाई परिचालन गरी मातृशिशु स्वास्थ्य एवं सुनौला हजार दिनका आमा र शिशूको स्वास्थ्यलाई ध्यान दिने निति अगाढि बढाइने छ ।
- स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार ल्याव तथा फार्मेसी सेवाको व्यवस्था गरिने छ ।
- व्यावसायमूलक शिक्षाको अवधारणा आजको आवश्यकतालाई आत्मसात गरि प्राविधिक शिक्षालयको स्थापना गरिने छ ।
- गाउँपालिकाबाट सबै बर्थिङ सेन्टरमा काम गर्ने अ.न.मि.हरुलाई SBA तालिम उपलब्ध गराई शूरक्षित प्रशुती सेवा दिइने छ र उक्त तालिम लिए पश्चात कम्तिमा ३ वर्ष सम्वन्धीत स्वास्थ्य संस्थामा अ.न.मि.हरुले अनिवार्य काम गर्नु पर्ने कवुलियतनामा पेश गर्नु पर्ने प्रक्रियालाई अघि बढाईने छ ।
- स्वास्थ्य संस्थामा निशुल्क गर्भपतन सेवा सञ्चालन तथा घरघरमा पानी शुद्धिकरण गर्नको लागि पियुष कार्यकम सञ्चालन गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा रहेका निजि क्लिनिक ,पोलिक्लिनिकहरुलाई व्यवस्थित र दर्ताको प्रकियामा ल्याइने छ ।
- स्वास्थ्य कार्यकम अन्तर्गत आमा सुरक्षा कार्यकममा दिदै आएको यातायात र उत्प्रेणा भत्ता कायम गर्ने निति रहेको छ ।
- ६८ वर्ष पुगेका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य विमा अनिवार्य गराईने निति अवलम्बन गरिने छ ।
- गाउँपालिकामा १५ शैयाको अस्पतालको निर्माण प्रक्रियालाई अगाढि बढाईने छ ।
- गाउँपालिका अन्तरगत रहेका ऐतिहासिक,धार्मिक तथा पर्यटकिय स्थलहरुको पहिचान गर्नको लागि वृतचित्र निर्माण गरिने छ ।
- आर्थिक तथा सामाजिक क्षेत्रको विकास गर्न एक वडा एक प्राविधिकको व्यवस्था गरिने छ ।
- कोल्ड स्टोरेजको लागि सम्भ्यावता अध्यनको कार्यलाई अघि बढाईने छ ।
- समुदायस्तरको स्वास्थ्यको जिम्मा लिन हुने म.स्वा.स्व.से.हरुको सेवालाई विस्तार र गुणस्तरीय बनाउन सक्रिय नरहेका म.स्वा.स्व.से.हरुलाई सम्मानजनक बिदाई गराइ निजको ठाउँमा प्रकिया बमोजिम नया छनौट गरिनेछ साथै म.स्वा.स्व.से.हरुको उपलव्ध भैरहेको मासिक भत्तामा आसिंक रुपमा वृद्धि गरिने छ ।
- निजि रुपमा सञ्चालित मेडिकलबाट दिईनें स्वास्थ्य सेवालाई निरुत्साहित गरि सरकारी स्वास्थ्य संस्थाबाट उपलव्ध गराईने सेवालाई प्राथमिकताको निति अवलम्बन गरिने छ ।
- खेलकुद बिकासका लागी खेलकुद संग सम्बन्धित संघ संस्थाहरु संगको समन्वय र सहकार्यमा गाउँपालिका स्तरीय खेलकुद प्रतीयोगीता संचालन गर्न खेलकुद मैदान निर्माण गरिनेछ । साथै खेलकुद बिकास र कार्यकम संचालनका लागी गाउँपालिकाको केन्द्र बिन्दुमा युवाहरुलाई सृजनशीलता तर्फ उन्मुख गराउन दुर्व्यसनजन्य कुरालाई न्युनिकरण गर्न नेपाल सरकारका निकाय संगको समन्वय बढाउने र महिला हिंसा न्युनिकरण गर्न आबश्यक कार्य गरिने भएको छ ।
- यस गाउँपालिका क्षेत्रमा मदिरा जन्य पदार्थको बिक्रि बितरणलाई २०७९ श्रावण १ गते देखि पूर्ण रुपमा प्रतिबन्ध गरिनेछ र यस ऐतिहासिक कार्यमा इलाका प्रहरी कार्यालय,सरकारी तथा गैरसरकारी निकाय,समाजसेवी,महिला,युवा,सरोकारवालाहरु एवं सम्पूर्ण जनसमुदायहरुले एक्येवद्वताका साथ पूर्ण सहयोगको विश्वास लिईएको छ ।



CamScanner

- बिपन्न पछाडी पारीएका व्यक्तिहरुका लागी आय आर्जन सम्बन्धी सीपमुलक कार्यक्रम (गारमेन्ट, होजीयारी) उद्यमशीलता बिकास गर्ने कार्यक्रम सहित एक वडा एक उद्यमशीलता दुग्ध उत्पादन, तरकारी फलफुल र नगदेबाली पकेट क्षेत्र कार्यक्रम संचालन गरिने छ ।
- महिला,दलित,अपाङ्ग तथा विपन्न बर्गहरुलाई हरेक क्षेत्रमा सहभागीताका लागी विभिन्न शशक्तिकरण कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- यस गाउँपालिकालाई आगामी ५ बर्ष भित्रमा कुपोषण मूक्त गरी पोषण यूक्त गाउँ बनाउन स्वास्थ्य,शिक्षा,कृषि,पशुसेवा,खानेपानी तथा सरसफाई महिला तथा बालवालीका र संस्थागत सुशासनको क्षेत्रमा बहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथमीकता दिई कार्यान्वयनमा ल्याइने छ ।
- गाउँपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु र धार्मिक क्षेत्रहरुको संरक्षण तथा बिकासमा जोड दिईने छ ।
- कृषि क्षेत्रको विकास गर्न आदर्श गाउँपालिका अन्तर्गत रहेका घोषित पकेट एरिया र अन्य क्षेत्रहरुमा आवश्यकता अनुसार माटो परिक्षण गरिने प्रक्रियालाई अधि बढाईने छ ।
- अनिवार्य बिद्यालय भर्ना अभियान एबं व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई वडा एवं गाउँमा अभियानको रुपमा संचालन गरिने छ ।
- जातीय छुवाछुत लगायत भेदभाव उन्मुलन गर्ने किसिमका अभियानमूलक कार्यक्रमहरु सञ्चालन गर्ने निति लिईएको छ ।
- विगतमा भईरहेका कार्यहरु र अनुउत्पादक क्षेत्रको लगानीलाई कटौती गरि कृषि,गैह्रकृषि लगायत उत्पादनमूलक कार्यमा लगानी वृद्धि गरिने छ ।
- नागरिकहरुलाई नैतिकवान एवं चरित्रवान बनाउनको लागि आवश्यक संस्कारयुक्त शिक्षालाई जोड दिईने छ ।
- समाजमा विद्यमान रहेका कुरिती छाउपडी प्रथा,बालविवाह, छुवाछुत, घरेलु हिंसा,जातिय विभेद तथा बालदुर्व्यबहार जस्ता कुरालाई निरुत्साहितका लागि विगतका अभियानमूलक कार्यको निरन्तरता संगै साझा अभियानमुलक कार्यक्रम तर्जुमा गरिने छ ।
- गाउँपालिका क्षेत्रमा रहेको बिद्यार्थी संख्या न्युन रहेको बिद्यालयहरुलाइ आबश्यकता अनुसार समायोजन गरी बिद्यालयको संख्या घटाई गुणस्तरीय शिक्षा प्रबर्द्धन गर्न अंग्रेजी माध्यमको पढाई हुने कार्यलाई प्राथमिकता दिईने छ ।
- सामुदायिक विद्यालयहरुमा भर्ना गरिएका निजि शिक्षकहरुको पारश्रमिक उपलव्धको लागि कार्यविधि निर्माण गरि विद्यालय अनुदान उपलव्ध गराईने छ ।
- गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा नेटवर्क जडान गराउने निति लिइएको छ ।
- गाउँपालिका भित्र रहेका मा.वि.हरुमा पनि प्राविधिक बिषयको पढाई संचालन गर्न आवश्यक भौतीक पूर्वाधार निर्माणका लागी भौतीक पूर्वाधार तथा विकास मन्त्रालय प्रदेश सरकार मार्फत आवश्यक समन्वय र सहयोग गरिनेछ ।
- मौवानगरदह स्वास्थ्य चौकीलाई स्वास्थ्य मापदण्ड अनुसार नमुना स्वास्थ्य चौकी बनाइने छ ।
- दुर्गा देवी मन्दिर देहिमाण्डौ,तेडी मन्दिर गिरिचौका,भैरव मन्दिर बाझ,प्रेमस्मृती पार्क,ऐलचौर,गुर्से लेक,कालीमाटी,आदर्श ५ को मष्टा,समैजी र आडको तेडी जस्ता धार्मिक तथा प्राकृतिक क्षेत्रलाई थप व्यवस्थित गरि पर्यटकिय क्षेत्र बनाउन आवश्यक पहल गरिने छ ।
- गाउँपालिकाको बृहत खानेपानी योजना निर्माणको लागि केन्द्र,प्रदेश तथा अन्य संघ संस्थाहरु संग समन्वय गरिने छ ।

- शहिद लाल बहादुर विष्ट स्मृती प्रतिष्ठान बैधानिकरुपमा दर्ता प्रक्रियामा ल्याई निजको शालिक निर्माण गरिने छ ।
- आदर्श गाउँपालिका भित्र बसोबास भएका बेरोजगार जनशक्तिलाई भारत तथा अन्य बाह्य मुलुक जान रोक्नको लागि गरिब संग गाउँपालिका स्वरोजगार कार्यक्रम लागु गरि स्वदेशमै बसेर कृषि,निर्माण तथा उत्पादनमुलक क्षेत्रमा आवश्यकता र सीपका आधारमा स्वरोजगार वन्न प्रेरित गराईने छ ।
- आदर्श गाउँपालिका भित्र बसोबास भएका विपन्न गरिब,विपन्न महिला,पिछडिएको वर्गहरुका जेहन्दार विद्यार्थीहरुले पाइलट,डाक्टर (चिकित्सासास्त्र) अध्यन गर्न चाहेको खण्डमा आवश्यक मापदण्डको आधारमा गाउँपालिकाबाट सहयोगको निति अवलम्बन गरिने छ ।
- महिलाहरुको जिवनस्तरमा सुधार गर्न उपाध्यक्ष संग महिला सशक्तिकरण कार्यक्रम लागु गरिने छ ।
- आवश्यक मापदण्ड अनुसार आदर्श गाउँपालिका अन्तरगतका रहेका एउटा वडामा एक विद्यालयलाई नमुना विद्यालय बनाई विद्यालयका प्र.अ. तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि तालिम उपलव्ध गराईने छ ।।
- स्वच्छ हराभरा वातावरण व्यवस्थापनका लागि वनजंगल कटानी फडानी तथा आगलागि पूर्णरुपमा नियन्त्रण गर्न आवश्यक सचेतनमूलक कार्यहरु अघि बढाईने छ ,
- स्थानीय कच्चा पदार्थबाट अचार तथा खाद्येवस्तु उत्पादन सम्बन्धि तालिम सञ्चालन गरिने छ ।
- वातावरणिय सन्तुलन कायम राख्नको लागि प्लास्टिक जन्य वस्तुको प्रयोगमा न्युनिकरण ल्याईनेछ ।
- गाउँपालिका भित्र हुने गरेका छाडा चौपायाहरुलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ ।

**(ग) पुर्वाधार बिकास :**गाउँपालिकाका प्रमुख पूर्बाधार बिकासका लागि आबशयकता अनुरुप बजेट बिनियोजन गरिएको छ । अधूरा आयोजनाको निरन्तरता र नयां आबश्यक पुर्बाधार निर्माणलाई प्राथमिकता दिइएको छ ।

- :गाउँपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागी आवश्यक समपुरक कोष,मर्मत सम्भार कोष तथा आकसमिक मर्मत/निर्माण कोषको व्यवस्थापन गरि पुर्बाधारको स्तर बृद्धिका लागि बजेटको व्यवस्था तथा सडकहरुको स्तरोन्नती गर्दै लगिने कार्यक्रम रहने छ ।
- गाउँपालिकाको आवधिक योजना,मध्यकालिन खर्च संरचना तथा खरिद गुरु योजनाको निर्माण कार्यलाई प्राथमिकता दिईने छ ।
- गौरवका योजनाहरु मागको लागि संघ तथा प्रदेश मार्फत अनुरोध गरिने छ र डिपिआर अनुसारको योजनाको कार्यलाई अघि बढाई दिगो विकासको लक्ष्यलाई अवलम्बन गरि योजना निर्माणमा विशेष ध्यान दिईने छ ।
- भौतिक पूर्वाधारको क्षेत्रमा गाउँपालिका अन्तर्गत दक्ष मिस्त्रीको अभाव रहेको हुँदा पालिकाभित्र व्यवसायिक रुपमा कार्यरत सम्पूर्ण दक्ष मिस्त्रीहरुलाई कार्य अनुसार बर्गिकरण गरि तालिमको व्यवस्थापन गरे पश्चात तालिम प्राप्त दक्ष मिस्त्रीहरुलाई प्रमाण पत्र उपलव्ध गराई स्थानीय तहमा काम गर्ने कवुलियतनामा सहितको प्रक्रिया अगाढि बढाईने छ ।
- गाउँपालिका अन्तरगत भुक्षय नुहुने किसिमले सडक निर्माण कार्यमा जोड दिईने छ तथा वायुइन्जिनियरिङ्ग गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।
- स्थानीय सडकहरुको मर्मत सम्भार गर्नको लागि सडक मर्मत सम्भार समूहलाई निरन्तरता दिईने छ ।
- गाउँपालिका भित्रका बिजुली बत्ति नपुगेका गाउं बस्तिलाई बिजुली बत्ति पुगाउन उच्च प्राथमिकता दिइने छ ।
- बिषेशत ठूला पूर्बाधार योजनाहरु  प्रदेश सरकार संघीय सरकारको आर्थिक सहयोगमा साझेदारी निति अपनाई अगाढि बढाईने छ ।

CamScanner

- गाउँपालिकाको प्रशासकीय भवनको संरक्षण तथा सम्बर्द्धन गर्नको लागि कम्पाउण्ड वाल (पर्खाल) को व्यवस्था गरि गाउँकार्यपालिकाको कार्यालयमा चमेनागृहको व्यवस्थापन गरिने छ।।
- आकस्मिक रुपका गरिने कार्यक्रमहरुको लागि प्रक्रिया बमोजिम आकस्मिक कोषको व्यवस्था गरिने छ।
- योजनाहरु छनौट गर्दा लागत अनुमानको आधारमा छनौट गरिने र योजनाको मर्मत सम्भारको जिम्मा उपभोक्ता समितिलाई दिने निति अवलम्बन गरिनेछ।
- आदर्श गाउँपालिका अन्तरगत हुने गौरबका योजनाहरुको लागि डिपिआर गराउने प्रक्रिया अवलम्बन गरिने छ।

**अ. घर नक्सा पास :**

- गाउँपालीकामा सरकारी,गैरसरकारी, घर,भवन ,निर्माण गर्दा नक्सा पास गर्ने प्रणालीलाई निरन्तर अवलम्बन गरिनेछ ।
- निर्माणको कममा रहेको वा अब नयां बन्ने भवनहरुलाई **"एकघर पाँच बिरुवा"**को निती अबलम्बन गरिनेछ।
- गाउँपालिकाको क्षेत्रभित्र अब बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्ग मैत्री र वाल मैत्री बनाउन प्रोत्साहन गरिनेछ।
- पुराना घरहरुको अभिलेखिकरण तथा नया घर दर्ता गर्ने प्रकृयालाई लागु गरिनेछ।
- घना बस्ति भएका क्षेत्रमा ढल निकासको उचित ब्यबस्थापनमा ध्यान दिइने छ।

**(घ)वाताबरण तथा विपद व्यवस्थापन** :विपद् रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी,प्रतिकार्य र पुनर्लाभका कार्यकमहरु सञ्चालन गर्न स्थानीय विपद् कोषमा आवश्यक बजेटको ब्यबस्था गरिने छ। बिपद ब्यबस्थापनका लागि थप आबश्यक कार्य समेत गरिने भएको छ।

- गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुको दायां बायां हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण एवं संरक्षणका कार्यक्रमहरु अगाडि बढाईने छ।
- बैज्ञानिक पद्धतीबाट वन जंगलको संरक्षण तथा सुकेका पानीका मुहानहरु पुर्नजिवित गर्नको लागि प्राकृतिक श्रोत संरक्षण तथा जलाधार व्यवस्थापन कार्यलाई प्राथमिकता दिईनेछ।
- पूर्वाधार विकासका कियाकलापहरु सञ्चालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रबिन्दूमा राखि कार्यान्वयन सघाउ पुग्ने गरि डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइने छ।
- गाउँपालिका क्षेत्रलाई खुला दिशा मुक्त गरिसकेको र गाउँपालिकाका अधिकांस घरमा पूर्ण सरसफाई प्रबर्द्धन गर्नका लागी सरसफाई कार्ड बितरण गरि पुर्ण सरसफाई अभियानलाई निंरन्तरता दिईने भएको छ।
- गाउँपालिकालाई पुर्ण सरसफाई युक्त र बिद्यालयलाई नमुना सरसफाई को बिद्यालय कायम गरि वाताबरण मैत्री सफा गाउँ बनाउन Post ODF अर्न्तगतका आबश्यक कार्यकम संचालन गरिनुका साथै गाउँपालिकाका मुख्य क्षेत्र लगायतका बिभिन्न स्थाहरुमा सार्बजनिक शौचालय निमार्णमा जोड दिइ हरियाली बृद्धिमा जोड दिइने कार्यकम रहने छ।
- गाउँपालिका क्षेत्रको बजार क्षेत्रमा रहेका घर, पसल, होटल अगाडि जथाभाबि फोहर फाल्नेलाई फोहर ब्यबस्थापनको लागि जानकारी गराई अटेर गरी जथाभाबि फोहर गर्ने लाई फोहरमैला ब्यबस्थापन ऐन बमोजिम कार्बाहीको प्रक्रिया अगाडि बढाईने छ।

- सडक अतिकमण गरी निर्माण गरेका घर,टहराहरु हटाउनका लागी सडक सिमानाको पुनःनिर्धारण गरि हटाउने कार्यलाई प्राथमीकताका साथ अगाडी बढाइएको छ ।
- वन जंगलको संरक्षण तथा सम्वर्द्धन गर्नको लागि वन कार्यालय संग आवश्यक समन्वयमा विशेष जोड दिईने छ ।

(ङ) **संस्थागत बिकास तथा सेवा प्रवाह र सुशासनः**गाउँकार्यपालिका कार्यालयका कर्मचारी, जनप्रतिनिधी, नागरिक समाज, बिकास साझेदार, गैरसरकारी संस्थाहरु संगको सहकार्य र समन्वयमा जोड दिइएको र उक्त कार्य सञ्चालनको लागि आबश्यक रकम बिनियोजन गरी उक्त कार्य गर्न निम्न नीति र कार्यक्रम अख्तियार गरिएको छ ।

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सवल बनाउन वडा तह सम्म योजना तर्जूमा सम्वन्धी क्षमता अभिबृद्धि गर्ने कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिकाको ऐतिहासिक अवस्थाको पहिचानलाई मनन् गर्दै आदर्श गाउँपालिकाको नामाकरणलाई संशोधन गरि पश्चिम चौकी आदर्श गाउँपालिका नामाकरण गरिनेछ ।
- गाउँकार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सूचना मैत्री बनाउने व्यवस्था गरिने छ ।
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरि प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गरिने छ ।
- दोस्रो चरणको कोभिड-१९ को कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न तत्कालिन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र,स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था,सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरुलाई परिपुरक भुमिकामा परिचालन गर्ने निति लिईने छ ।
- सञ्चार क्षेत्रको विकास गर्न आगामि दिनमा सञ्चार माध्यमलाई प्रवर्द्धन गरिने छ र स्थानीय क्षेत्रमा रहेका सञ्चारकर्मीहरुलाई क्षमता अभिवृद्धि गराउनको विशेष जोड दिईने छ ।
- गैह्र सरकारी संस्थाहरुबाट गरिने कार्यक्रमहरु स्थानीय तहको स्वीकृती विना सञ्चालन नगरिने निति अवलम्बन गरिने छ ।
- योजनाको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनको लागी उपभोक्ता समितिका पदाधिकारीलाई योजना कार्यन्वयन पूर्व नै आबश्यक तालिम प्रदान गरिने छ ।
- विभिन्न लक्षित बर्गहरुको क्षमतामा अभिबृद्धिका लागी क्षमता अभिबृद्धि सम्बन्धी कार्यकम संचालन गरि सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभाबकारी बनाउन गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई श्रोत साधनमा पूर्णता दिईने छ ।
- सार्वजनिक,परिक्षण,सामाजीक परिक्षण,सार्बजनीक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट सुशासन र पारदर्शिता अभिबृद्धि गरिने छ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरीने सेवा अझ व्यवस्थित बनाउनका लागी कम्प्युटरिकृत स्वचालित पद्धतिको अबलम्बन गर्दै लगिने छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत तथा सजायको व्यवस्था गरिने छ ।
- प्रभाबकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुका लागि आवश्यक क्षमता बिकासका क्रियाकलापहरु सञ्चालन गरिने छ ।
- गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित बनाउन डिजीटल सुचना प्रणाली लागु गरिने छ ।



CamScanner

- गाउँपालिकामा आवश्यक निति,कार्यविधि, निर्देशिका तथा ऐनहरु निर्माण गरिने छ ।
- आंर्थिक पारदर्शिता र भष्ट्राचार न्युनिकरणमा विशेष जोड दिईने छ ।
- सूचनाहरुलाई व्यवस्थित गर्नको लागि गाउँपालिकामा सुचना प्रविधि शाखाको स्थापना गरिने छ ।

**अन्य बिबिध कार्यकमहरु :**

- छोटो समयमा बढी प्रतीफल र कम लगानीबाट बढी भन्दा बढी लाभ पुऱ्याउने र अधिकतम जनसहभागिता हुन सक्ने योजनालाई प्राथमीकता दिइने नितिलाई यथार्थ र प्रभाबकारी बनाइने छ ।
- स्वास्थ्य संस्थाको प्रेषण कार्डको आधारमा जेष्ठ नागरिक,गर्भवती महिला तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई एम्बुलेन्स सेवा नि:शुल्क उपलब्ध गराईने छ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई LMBIS प्रणालीमा प्रविष्ट गरिने छ ।
- गाउँपालिकाको आवधिक योजना निर्माण कार्यलाई अघि बढाइने छ ।
- योजनाको निर्माण कार्यलाई दिगो रुपले विकास गर्नको लागि उपभोक्ता समितिहरुलाई दर्ता प्रक्रियामा ल्याई प्रमाण पत्र उपलव्धको समेत व्यवस्था गरेर कार्यतालिका बमोजिम सम्झौता गरि उपभोक्ता समितिहरुलाई अभिमुखिकरण तालिम उपलब्ध गराईने छ ।
- गाउँकार्यपालिका कर्मचारी,पदाधीकारीहरु,राजनैतीक दल तथा सरोकारवालाहरुको क्षमता बिकास तथा गाउँपालिकाको संस्थागत बिकास कार्यलाई सुदृढ गरिनेछ र उक्त कार्यको लागि प्रादेशिक प्रशिक्षण केन्द्र तथा अन्य संघसंस्था एवं सरोकारवाला निकाय संग समन्वय गरिने छ ।
- कार्यालयबाट सम्पादन हुने जनताका दैनीक कार्यहरुलाई अझ जनमुखी छिटो छरितो (चुस्त दुरुस्त) पार्ने प्रयासका लागी शाखागत कार्य बिभाजन ,कर्मचारीको कार्य बिवरणको परिमार्जन गरी जिम्मेवारी बढाउने नीति लिईने छ ।
- व्यवसायकर असुली गरी आन्तरीक आय बढाउनका लागी पहल गरीने छ । साथै करको प्रतिफल करदाताले पाउने व्यवस्था अबलम्बन गरिने छ ।
- बिपन्न समुदायको आर्थिक बिकास हुने खालका कार्यक्रमलाई प्राथमिकता दिईने छ ।
- गाउँपालिकाका जेष्ठ नागरीकहरुलाई स्वास्थ्य शिबिर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारिक व्यवहार सुधार सम्बन्धी क्रियाकलाप एबं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलापलाई निरन्तरता दिइने कार्यकम रहेको साथै बिपन्न एकल महिला अती बिपन्न परिबारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईने छ ।
- एच आइ भी संक्रमित व्यक्तिको लागि निजहरुलाई आयआर्जन र स्वास्थ्य उपचार सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिईने छ ।
- आदर्श गाउँपालिका भित्र रहेका संघ संस्थाहरुलाई दर्ताको प्रक्रियामा ल्याइने छ ।
- यस आदर्श गाउँपालिकामा रहेका युवाहरुलाई सरकारी नोकरी तर्फ आकर्षित गर्नको लोक सेवा आयोगको पूर्व तयारी कक्षा सञ्चालन गरिने छ ।
- आ.व.२०७९/०८० को रजिष्ट्रेसन प्रयोजनका लागि गाउँपालिकाको जग्गाको मूल्याकंन साविक बमोजिम यथावत कायम गरिने छ ।
- अव्यवस्थित बसाइ,भूमिहिन भएका व्यक्तिहरुको लगत संकलन गरि व्यवस्थित बसाइको लागि भूमि व्यवस्थापन आयोगको समन्वयमा जग्गाधनी प्रमाण पूर्जा उपलव्धको लागि व्यवस्था गरिने छ ।
- गाउँपालिका अन्तरगत रहेका सडकहरुको सुदृढीकरण एवं सडक सञ्जालको विस्तृत विवरणको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

- गाउँपालिका अन्तरगत कक्षा १ देखि ५, कक्षा १ देखि ८ र कक्षा १ देखि १२ सम्मका विद्यालयहरुका प्र.अ.,शिक्षक,कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको कार्य सम्पादनको मूल्याङकन गरि प्रत्येक वर्ष नगद पुरस्कार र उत्कृष्ट आदर्श गाउँपालिका शिक्षक कार्यक्रम लागु गरिने छ ।
- गाउँपालिका भित्र SEE परिक्षामा उत्कृष्ट अंक ल्याउने छात्र छात्राहरुको लागि पुरस्कारको व्यवस्था गरिने छ ।
- गाउँपालिका अन्तर्गत सञ्चालित बाल विकास केन्द्रहरुमा बालबालिकाहरुको सिकाईको विकास गर्न मन्टेश्वरी कक्षाको तालिमको सुरुवात गरिने छ ।
- स्थानीय भाषाको संरक्षण एवं सम्वर्द्धन गर्नको लागि विद्यालयहरुमा स्थानीय पाठयक्रमको निर्माण कार्यलाई अघि बढाईने छ ।
- **आदर्श गाउँपालिकाको आ.व.२०७९/०८० को अनुमानित आय तथा व्ययको विवरण:**

**आय तर्फ**

| क्र.सं. | शिर्षक | स्रोत | रकम रु. |
|---|---|---|---|
| १ | समानिकरण अनुदान | संघ | १०,१८,००,०००। (दश करोड अठार लाख) |
| २ | समानीकरण अनुदान | प्रदेश | ६९,९०,०००। (उनाहत्तरी लाख नब्वे हजार) |
| ३ | राजश्व बांडफाँड | संघ | ९,७४,८३०००। (नौ करोड चौहत्तर लाख तीरासी हजार) |
| ४ | सवारी साधन कर (राजस्व बाँडफाँड) | प्रदेश | १८,१४,०००। (अठार लाख चौद्य हजार) |
| ५ | शसर्त अनुदान | संघ | २१,१४,०००००। (एक्काईस करोड चौद्य लाख) |
| ६ | विशेष पुजिगत अनुदान | संघ | ७०,०००००। (सत्तरी लाख) |
| ७ | समपुरक पुजिगत अनुदान | प्रदेश | ४०,०००० चालिस लाख) |
| ८ | आन्तरिक आम्दानी | स्थानीय | ४०,०००००। (चालिस लाख) |
| ९ | मौज्दात रकम | | ३००००००००। (तिन करोड) |
| | **कुल जम्मा** | | **४६,४४,८७,०००। (छयालिस करोड चवालिस लाख सतासी हजार)** |

**ब्यय तर्फ**

| | | |
|---|---|---|
| आन्तरिक श्रोत तर्फ | १. पादाधिकारी पारिश्रमिक लगायत अन्य प्रशासनिक खर्च | १,४०,०००००। (एक करोड चालिस लाख) |
| | ४. विषयगत शसर्त अनुदान तर्फ | २१,१४,०००००। (एक्काईस करोड चौद्य लाख) |
| राजश्व बाँडफाड तर्फ | ५. कर्मचारी तलब भत्ता लगायतका कार्यालय सञ्चालन सम्बन्धी चालु खर्च | ७०००००००। (सात करोड) |
| | विषयगत शाखा तर्फ | २०००००००। (दुई करोड) |
| | समपुरक कोष | |



CamScanner

| | | |
|---|---|---|
| | कार्यक्रम तथा प्रर्बद्धनात्क क्रियाकलापहरु | १००००००००। (एक करोड) |
| बित्तिय समानीकरण संघ र प्रदेश | गाउँस्तरीय एबं वडास्तरीय लगायत आयोजना कार्यक्रम तथा पुँजीगत खर्च तर्फ | १३,९०,८७०००। (तेह्र करोड नव्बे लाख सतासी हजार) |
| जम्मा | | ४६,४४,८७,०००। (छयालिस करोड चवालिस लाख सतासी हजार) |

अन्तमा आफनो अमुल्य समय दिई पाल्नुहुने श्रद्धेय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू,विशिष्ट अतिथीज्युहरु,वडा अध्यक्षज्युहरु,गाउँकार्यपालिकाका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरु लाई धन्यवाद दिन चाहान्छु । यस गाउँ सभा सम्पन्न गर्नको लागि सहयोग गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने गाउँपालीकाका कर्मचारीलाई धन्यवाद दिन चाहन्छु । यो गाउँ सभामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिज्युहरु एवं हामीलाई रचनात्मक सुझाब र सल्लाह दिनहुने सम्पुर्ण आदणीय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु हुने सुरक्षा निकायका प्रमुखज्युहरु,पत्रकारज्युहरु सरकारी, गैरसरकारी क्षेत्रका सहभागीहरु लगायत उपस्थित अन्य व्यक्तित्व प्रति आभार तथा धन्यवाद प्रकट गर्दछु । प्रस्तुत कार्यक्रमको कार्यान्वयनको निम्ति यहांहरुबाट प्राप्त हुने रचनात्मक सुझाबलाई मार्गदर्शनको रुपमा लिएर गाउँपालिका अगाडि बढ्ने विश्वास दिलाउदै यस एघारौं गरिमामय गाउँसभाको सफलताको शुभकामना सहित यहांहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै बिदा चाहान्छु ।

धन्यवाद